*भूमि बैंक खारेज गर । ६ किसान संगठनका ६५ बुँदे माग सम्बोधन गर ।*

# संयुक्त किसान प्रेस विज्ञप्ति

ओली नेतृत्वको सरकारले हालै ल्याएको नेपाल सरकारको नीति तथा कार्यक्रम २०८२ मार्फत् भूमि बैङ्कजस्तो नवउदारवादी कार्यक्रम लागु गर्न खोजेकोमा नेपालका दुईतिहाइ जनसंख्या ओगट्ने किसानहरूको प्रतिनिधित्व र नेतृत्व गर्ने अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासंघ, अखिल नेपाल किसान महासंघ (अप्फा), क्रान्तिकारी किसान महासंघ नेपाल, अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघसहित नेपालका ६ कम्युनिस्ट पार्टी निकट किसान संगठनहरू आबद्ध संयुक्त किसान संघर्ष समिति, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ भने नेपाली श्रमजीवी किसानहरूलाई तरङ्गित र आक्रोशित बनाएको छ ।

पटक-पटक विभिन्न तरिकाबाट अघिसारिएका भूमि बैङ्कसम्बन्धी अवधारणाले वैज्ञानिक-क्रान्तिकारी भूमिसुधारको लक्ष्य तथा कार्यक्रमलाई ध्वस्त गर्ने, भूमिमाथिको निजी स्वामित्वलाई बलियो बनाई भ्रष्टाचार गरेर सम्पत्तिको रूपमा भूमि थुपार्ने भूमाफिया प्रवृत्तिलाई बढावा दिने, उत्पादक किसानहरूलाई उत्पादनको साधनको रूपमा रहेको भूमिबाट बञ्चित गर्ने, किसानहरूको ग्रामीण क्षेत्रको जमिन एकत्रित गरेर ५०-१०० वर्षका लागि विदेशी बहुराष्ट्रिय निगमहरू र स्वदेशी दलाल पुँजीपतिहरूलाई अति सस्तो दरमा भाडामा दिई गरिब, साना तथा मध्यम किसानहरूलाई भूमि अधिकारबाट बञ्चित गर्ने, युवाहरूको विदेश पलायनलाई प्रोत्साहन गर्ने, युवा जनशक्तिको अभावले बाँझो रहेको र भूमि बैङ्क मार्फत दलाल पुँजीपतिहरूलाई दिइएको जग्गा युवाहरू स्वदेश फिर्ता भएपश्चात जोतभोग गर्न, अंशवण्डा गर्न र बेचबिखन समेत गर्न नपाउने कारणले लाखौं युवा तथा किसानहरूले आत्महत्या गर्नुपर्ने अवस्था सिर्जना गर्नेछ भने अनुपस्थित भूस्वामी र अकुत सम्पत्ति जोडेका भ्रष्टाचारीहरूको देशभरको जमिनलाई वैधानिक बनाउने बाटो खोल्नेछ ।

तसर्थ हामी भूमि बैङ्कजस्तो किसान विरोधी कार्यक्रमलाई नेपाल सरकारको नीति तथा कार्यक्रमबाट तत्काल खारेज गर्न र क्रान्तिकारी-वैज्ञानिक भूमिसुधारको कार्यक्रम अघि सार्न जोडदार माग गर्दछौं । साथै, भूमिहीन दलित तथआ सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन, अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न, 'जमिन जोत्नेको' नाराका आधारमा वैज्ञानिक-क्रान्तिकारी भूमिसुधार लागु गर्न, विकल्पबिनै सुकुम्बासी र किसानहरूलाई उठिबास गराउने कार्य रोक्न, स्वबासी, बेनिस्सा, गाउँब्लक, मोही, बिर्ता र गुठी पीडित किसानहरूका समस्या समाधान गर्न र ६ किसान संगठनहरूले नेपाल सरकारलाई बुझाएका ६५ बुँदे मागहरूलाई नेपाल सरकारको नीति तथा कार्यक्रमा समावेश गरी सोहीअनुसार बजेट तर्जुमा गर्न र किसानहरूको जीवनलाई सुरक्षित, खुसहाल र समृद्ध बनाउने गरी साम्राज्यवादी नवउदारवादको विकल्पमा जनमुखी एवम् राष्ट्रिय पुँजीको प्रवर्द्धन गर्ने कार्यक्रम लागु गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं । अन्यथा, हामी किसानहरूसँग संघर्ष गर्नुबाहेक कुनै विकल्प नरहने कुरा पनि यसै प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गर्दछौं ।

**हार्दिक क्रान्तिकारी अभिवादनसहित ।** **मितिः २०८२-०१-२२ गते**

| | | |
|---|---|---|
| **चित्रबहादुर श्रेष्ठ** | **बलदेव चौधरी** | **भैरवराज रेग्मी** |
| अध्यक्ष | संयोजक | अध्यक्ष |
| **अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)** | **अखिल नेपाल किसान महासंघ (अन्फा)** | **अखिल नेपाल किसान महासंघ (अप्फा)** |
| **सीताराम तामाङ** | **लोकनारायण सुवेदी** | **दुर्गाप्रसाद जैसी** |
| अध्यक्ष | इन्चार्ज | अध्यक्ष |
| **क्रान्तिकारी किसान महासंघ नेपाल** | **अखिल नेपाल किसान यूनियन** | **अखिल नेपाल प्रगतिशील किसान संघ** |